# सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैँचा, मोरङ

## आ.व. २०७८/२०७९ को अनुमानित आय-व्यय (बजेट)

**प्रस्तुतः**
क्याम्पस सञ्चालक समिति
सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैँचा, मोरङ

**प्रस्तोताः**
बजेट मस्यौदा समिति
सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैँचा, मोरङ
२०७८

# विषय सूची


१. विद्यार्थी शुल्क आम्दानी ..... ५

२. वि.वि. अनुदान आयोगबाट प्राप्त अनुदान तथा अन्य आय ..... ७

(क) विश्वविद्यालय. अनुदान आयोगबाट प्राप्त हुने अनुमानित अनुदान ..... ७

(ख) अन्य क्षेत्रबाट प्राप्तहुने अनुमानित आय ..... ७

(ग) अघिल्लो वर्षको जिम्मेवारी र पाउनु पर्ने ..... ८

३. धरौटी आय ..... ९

४. पुँजीगत खर्च तथा कोष व्यवस्थापन ..... १०

४.१ पुँजीगत खर्च ..... १०

४.१.१ भवन निर्माण ..... ११

४.१.२ सवारी साधन ..... १२

४.१.३ फर्निचर ..... १२

४.१.४ कार्यालय उपकरण ..... १२

४.१.५ पुस्तक ..... १२

४.१.६ वैज्ञानिक तथा शैक्षिक उपकरण ..... १२

४.१.७ पानी तथा विद्युत व्यवस्था ..... १३

४.१.८ अन्य निर्माण ..... १३

४.१.९ विविध सम्पत्ति निर्माण ..... १३

४.२ क्याम्पसकोष ..... १३

५. धरौटी खर्च तथा भुक्तानी गर्नुपर्ने दायित्व ..... १४

६. सञ्चालन खर्च ..... १५

६.१ शिक्षण तलब तथा तलब प्रशासन ..... १७

६.१.१ शिक्षण तलव ..... १७

६.१.२ प्रशासनिक तलव ..... २१

६.२ अन्य सञ्चालन खर्च ..... २२

७. सुझावहरू ..... २५

# सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैँचा, मोरङ

**विषय : आ.व. २०७८/२०७९ को अनुमानित आय-व्यय (बजेट) सम्बन्धमा ।**

श्रीमान् अध्यक्षज्यू,

क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष तथा पदाधिकारीज्यूहरू,

र बजेट मस्यौदा समितिका सदस्यहरू,

सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ ।

उपर्युक्त सम्बन्धमा क्याम्पस सञ्चालक समितिको मिति २०७८ साल असार ३० गतेको बैठकको निर्णयअनुसार क्याम्पस प्रमुख श्री चन्द्रमणि राईको संयोजकत्वमा गठन भएको बजेट मस्यौदा उपसमितिले क्याम्पसमा उपलब्ध भएका र हुनसक्ने सम्भावित स्रोत र साधनहरूको पहिचान गरी ति स्रोत र साधनहरूबाट क्याम्पसको बृहत्तर बिकास र सञ्चालनका लागि आर्थिक वर्ष २०७८/२०७९ को अनुमानित आय व्ययको मस्यौदा बजेट तयार गरी पेश गरेको छ ।

प्रस्तुत बजेट तयार गर्ने क्रममा विगत वर्षहरूमा भएका आम्दानी र खर्चका क्षेत्रहरूको मूल्याङ्कन तथा बिश्लेषण गर्दै क्याम्पसको नीति तथा कार्यक्रम अनुसारका आगामी कार्यक्रमहरू तयार पारिएका छन् । क्याम्पसले विश्वविद्यालय अनुदान आयोग (UGC) बाट आवधिक समयको लागि गुणस्तर सुनिश्चितता प्रत्यायन (Quality Assurance Accreditation-QAA) प्राप्त गरेको एक चक्र पूरा भइसकेको अवस्थामा संस्थाले आवश्यकता अनुसारका भौतिक निर्माणका कार्यहरू गर्दै कार्यसम्पादन क्षमता (Performance), गुणस्तर कायम, क्षमता अभिवृद्धि एवम् सूचना तथा सञ्चार प्रविधिमा पहुँच वृद्धि गर्ने, प्राज्ञिक स्वयत्ततामा जानुपर्ने साथै प्राविधिक तथा व्यावसायिक शैक्षिक कार्यक्रमहरू थप गर्नुपर्ने आवश्यकता र यसका लागि बिभिन्न सरोकारवालाहरूबाट सुझावहरू प्राप्त भइरहेका छन् । क्याम्पसले QAA को दोस्रो चक्रका लागि स्वअध्ययन प्रतिवेदन विश्वविद्यालय अनुदान आयोगमा पेश गरी वि.वि. अनुदान आयोगबाट समकक्षी समिक्षा टोली (Peer Review Team) समेत गठन गरिसकेको अवस्थामा क्याम्पसले गुणस्तर प्रत्यायनकृतको प्रमाणपत्र प्राप्तिका साथसाथै शैक्षिक गुणस्तर, व्यवस्थापकीय क्षमता सुधार, अनुसन्धान क्षमताको अभिवृद्धि, तालिम सेमिनार, सेमिनार कक्ष, सुविधा सम्पन्न गुणस्तरीय आकर्षक कक्षाकोठा निर्माण तथा फर्निचर व्यवस्थापन, शिक्षण सिकाइमा प्रविधिको प्रयोग, पुस्तक तथा पुस्तकालय स्तरिकरण, विद्यार्थी कल्याण, छात्रवृत्ति, विद्यार्थीका लागि यातायातको व्यवस्था, शैक्षणिक क्रियाकलापमा सुधार, वैज्ञानिक तथा शैक्षिक उपकरणको व्यवस्थापन तथा सरोकारवालाहरूको क्याम्पसका कार्यक्रम सम्म पुग्ने पहुँच र प्राध्यापक तथा

कर्मचारीको वृत्तिविकास तथा मानव संशाधनको मनोवल उच्च राख्ने कुरालाई समेत सम्बोधन हुने गरी बजेट तयार गरिएको छ ।

क्याम्पसको नियमित मुख्य आम्दानीको स्रोत बिद्यार्थीबाट प्राप्त हुने शुल्क नै रहेको छ । यसका अतिरिक्त अन्य अनुदान आय, धरौटी आय, र विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त नियमित तथा कार्यसम्पादन अनुदान, प्रदेश सरकार र सङ्घीय सरकारबाट तोकिएका योजनामा प्राप्तहुने अपेक्षा गरिएको स्रोतलाई आम्दानीका रूपमा राखिएको छ । यस बाहेक क्याम्पसले पेश गर्ने प्रस्तावनाका आधारमा दातृ निकायबाट खास परियोजनाका लागि प्राप्त हुने अपेक्षा गरिएको आम्दानी समेत समावेश गरिएको छ । यिनै स्रोतबाट प्राप्त हुने अनुमानित रकमलाई आम्दानीका शीर्षकमा राखी बजेट बाँडफाँट गरिएको छ । क्याम्पसको कुल अनुमानित आम्दानीलाई तालिका नं. १ देखि ४ सम्ममा प्रस्तुत गरिएको छ भने कुल अनुमानित खर्चलाई तालिका नं. ५ देखि ८ सम्म प्रस्तुत गरिएको छ ।

बजेट मस्यौदा समितिले मस्यौदा तयार गर्दा गरेका निर्णयहरू निर्णय पुस्तिकामा लिपिवद्ध गरिएका छन् । आम्दानीका स्रोतहरू तथा अनुमानित आम्दानीको प्रमाणित विवरणलाई अनुसूची १ देखि ६ सम्ममा प्रस्तुत गरिएका छन् । प्रस्तुत बजेट तयार गर्ने क्रममा सहयोग गर्नुहुने सञ्चालक समितिका पदाधिकारी, शिक्षक, कर्मचारी, प्राध्यापक सङ्घका प्रतिनिधिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस बजेटलाई गहन छलफल गरी पारित गरिदिनुहुन हार्दिक अनुरोध छ ।

**बजेट मस्यौदा उपसमिति २०७८**

१. संयोजक- चन्द्रमणि राई - क्याम्पस प्रमुख -

२. सदस्य - रामप्रसाद गजुरेल -सञ्चालक समिति सदस्य -

३. सदस्य - पुण्यप्रसाद आचार्य - सञ्चालक समिति सदस्य -

४. सदस्य - गणेशप्रसाद दहाल - विज्ञ -

५. सदस्य - ध्रुवप्रसाद नेपाल - प्राध्यापक सङ्घ प्रतिनिधि -

## तालिका १ : आ.व. २०७८/०७९ को अनुमानित समष्टिगत आय विवरण

**सुकुना बहुमुखी क्याम्पस**सुन्दरहरैंचा, मोरङ

**आ.व. २०७८/०७९ को अनुमानित समष्टिगत आय विवरण**

| सि.नं. | विवरण | आ.व. २०७७२०७८ को अनुमानित | आ.व. २०७७२०७८ को वास्तविक | आ.व. २०७८।२०७९ को अनुमानित | हिस्सा प्रतिसत |
|---|---|---|---|---|---|
| १ | विद्यार्थी शुल्क आम्दानी | ८९५४९४५० | ५८५९३१३० | १०,९०,११,४८० | **५५.१५%** |
| २ | विश्वविद्यालय अनुदान | ८०००००० | १०७२७४६२.१६ | ३,८२,५०,००० | **१९.३५%** |
| ३ | अन्य अनुदान तथा आय | १३०५०००० | ७६६०५४७.६७ | २,४०,८४,००० | **१२.१९%** |
| ४ | धरौटी आय | ६६६५९२५ | ८९१३३४० | ९०,५८,०२० | **४.५८%** |
| ५ | पेस्की तथा बैङ्क जिम्मेवारी सारेको | २५७५०४१७.९३ | १७२६५४११.४१ | १,७२,६५,४११.४१ | **८.७३%** |
| **जम्मा** | | **१४३०१५७९२.९३** | **१०३१५९८९१.२४** | **१९,७६,६८,९११.४१** | **१००%** |

माथि उल्लेख गरिएअनुसारको आ.व. २०७८/२०७९ को अनुमानित आय व्यय विवरण र त्यसको व्याख्या निम्नानुसार गरिएको छ :

### क) आम्दानी तर्फको व्याख्या

क्याम्पसको आम्दानीको मुख्य स्रोत विद्यार्थी शुल्क भए तापनि यसका अतिरिक्त धरौटी अम्दानी, विभिन्न शीर्षकमा प्राप्त अनुदान र अन्य आम्दानीसमेत स्रोतका रूपमा रहेका छन् ।

### १. विद्यार्थी शुल्क आम्दानी

क्याम्पसको आय स्रोततर्फ विश्लेषण गर्दा आयस्रोतको ठूलो हिस्सा विद्यार्थी शुल्कबाट प्राप्त हुने देखिन्छ । यस शीर्षकबाट प्राप्त हुने आम्दानीअन्तर्गत प्रवेश शुल्क, शिक्षण शुल्क, पुस्तकालय शुल्क, क्याम्पस विकास आय, खेलकुद शुल्क, विविध शुल्क, आन्तरिक परीक्षा शुल्क, अभ्यास शिक्षण तथा प्राक्टिकम, शोधपत्र शुल्क, प्रयोगशाला शुल्क, कम्प्युटर शिक्षण शुल्क, त्रि. वि. तथा उ. मा. शि. प. परीक्षा विविध, त्रि. वि. तथा उ. मा. शि. प. दर्ता विविध, प्रवेश आवेदन फाराम शुल्क, प्रमाणपत्र तथा सिफारिस शुल्क,यातायात शुल्क, स्वास्थ्य सेवा शुल्क तथा अन्य विविध आयलाई समावेश गरिएको छ । यी शीर्षकहरूबाट आ.व.२०७८/२०७९ मा रु.**१०,९०,११,४८०।-** प्राप्तहुने अनुमान गरिएको छ । यस शीर्षकबाट कुल आम्दानीको ५५.१५% रहेको छ। समष्टिगत शुल्क विवरण शीर्षकगत रुपमा तालिका नं. २ मा प्रस्तुत गरिएको छ। तहगत र कक्षागत विद्यार्थी शुल्क आम्दानीको विवरणलाई अनुसूची २ पाना १ देखि ९ सम्ममाप्रस्तुत गरिएको छ।

*तालिका २ : आ व २०७८/२०७९ को समष्टिगत अनुमानित शुल्क आम्दानी*
*सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ*

**२०७८/२०७९ को समष्टिगत विद्यार्थी शुल्क आम्दानी विवरण**

| क्र.सं. | बिवरण | आ.व. २०७७।२०७८ को अनुमानित | आ.व. २०७७।२०७८ को वास्तविक | आ.व. २०७८।२०७९ को अनुमानित |
|---|---|---|---|---|
| १ | प्रवेश शुल्क | ४६१२५०० | ३६३१६०० | ६१५९५०० |
| २ | शिक्षण शुल्क | ६६९७१००० | ४१९०४६८० | ७९७७९५०० |
| ३ | पुस्तकालय शुल्क | १७४०००० | १४४४७५० | २२५४५०० |
| ४ | क्याम्पस विकास (निर्माण) आय | १५६७००० | १२८७६०० | २०४९५०० |
| ५ | खेलकुद शुल्क | ५६१००० | ४७९६०० | ७४०४०० |
| ६ | विविध शुल्क | १८७०७५० | १६७५४०० | २४८२९५० |
| ७ | आन्तरिक परीक्षा शुल्क | २८६८५०० | २४१४५५० | ३६१८००० |
| ८ | अभ्यास शिक्षण /प्राक्टिकम् शुल्क | ३७१००० | १६९१५० | ३७६००० |
| ९ | शोधपत्र | ३५०००० | ६५१००० | ३५०००० |
| १० | प्रयोगशाला शुल्क | १४९५००० | ८९६५०० | १७८४००० |
| ११ | प्रयोगात्मक शुल्क | १८०७५०० | ८५८१०० | १४४४००० |
| १२ | त्रि.वि./उ.मा.शि.परीक्षा विविध | १२५७००० | - | १८१२२८० |
| १३ | त्रि.वि./उ.मा.शि.नाम दर्ता विविध | २४१४०० | - | ३३५००० |
| १४ | प्रवेश आवेदन फाराम | ८६२५०० | १०८५८०० | १०५९१०० |
| १५ | प्रमाणपत्र/सिफारिस आदि | १०००००० | ८७६५०० | १०००००० |
| १६ | अनूसन्धान शुल्क | - | - | - |
| १७ | उ मा शि प प्रयोगात्मक विविध | - | - | - |
| १८ | सरस्वती पूजा सहयोग | १५०५०० | १२३७०० | १९७८५० |
| १९ | विद्यार्थी कल्याण शुल्क | ९३४००० | ७६३००० | १२२३१०० |
| २० | अन्य विद्यार्थी आय Non Cedit Course शुल्क र उपचारात्मक कक्षा शुल्क | ५००००० | १६५०० | ५००००० |
| २१ | क्याम्पस दिक्षान्त समारोह शुल्क | - | - | ३००००० |
| २२ | आइडि कार्ड शुल्क | ३८९८०० | ३१४७०० | ५४५८०० |
| २३ | यातायात, स्वास्थ्य सेवा शुल्क | - | - | १०००००० |
| | **जम्मा** | **८९५४९४५०** | **५८५९३१३०** | **१०९०११४८०** |

प्रस्तुत तालिकाअनुसारको विद्यार्थी शुल्कमा प्रवेश आवेदन फाराम शुल्क, मासिक शुल्क, प्रवेश शुल्क, पुस्तकालय शुल्क, क्याम्पस बिकास शुल्क, खेलकुद शुल्क, आन्तरिक तथा प्रयोगात्मक परीक्षा शुल्क, विद्यार्थी कल्याण शुल्क, प्रमाणपत्र/सिफारिस शुल्क, यातायात शुल्क आदि जस्ता विद्यार्थीहरूबाट प्राप्त हुने आम्दानीहरू यस शीर्षकमा समावेश गरिएका छन् ।

माथिको तालिका नं. २ अनुसार  गतवर्षको अनुमान र यर्थातको तुलनामा यस वर्षको समष्टिगत शुल्क आम्दानीमा वृद्धि हुने अनुमान गरिएको छ। यसरी शुल्क आम्दानी वृद्धि हुनुका कारण निम्नानुसार छन्

(क) गत वर्षमा बी.एस्सी. तर्फ निर्धारित कोटामा पूरा हुनेगरी भर्ना नभएकोमा चालु वर्षमा कोटा पूराहुने गरी भर्ना भएको ।

(ख) गत वर्ष बी.बी.ए. तर्फको पाचौं र छैटौं सेमेष्टरका कक्षा सञ्चालन नभएकोमा चालु वर्षमा सो सेमेष्टर सञ्चालन भएको ।

(ग) आई.सि.टी. तर्फ त्रिविले कोटा वृद्धि गरेको र वृद्धि गरेको कोटामा समेत भर्ना भएको ।

(घ) गत वर्षको तुलनामा यस वर्ष बी.बी.एस. प्रथम वर्षमा विद्यार्थी सङ्ख्यामा दोब्बर वृद्धि भएको ।

(ङ) बन्दाबन्दीका कारण गत वर्ष उठ्न नसकेको शुल्क यस वर्ष उठेको ।

(च) गत वर्षमा सञ्चालन हुनु पर्ने परीक्षा बन्दाबन्दीका कारण हुन नसकेको र सो परीक्षा चालु वर्ष सञ्चालन भएको ।

(छ) बन्दाबन्दीका कारण तन्किएको शै.सत्रलाई त्रिविले यस वर्ष देखि छोट्याउन थालेको ।

**२. वि.वि. अनुदान आयोगबाट प्राप्त अनुदान तथा अन्य आय**

**(क) विश्वविद्यालय. अनुदान आयोगबाट प्राप्त हुने अनुमानित अनुदान**

यस शीर्षकअन्तर्गत विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने नियमित अनुदान रु. २०,००,०००/-, गुणस्तर प्रत्यायनकृत भए वापत प्रति स्नातक (Graduate) विद्यार्थीको हिसावले प्राप्त हुन सक्ने अनुदान रकम समावेश गरिएको छ । यसका अतिरिक्त यस शीर्षक अन्तर्गत गुणस्तर सुनिश्चितता प्रत्यायनको नविकरण गर्दा गत वर्षमा २०० विद्यार्थीको तहगत उत्तीर्ण सङ्ख्यालाई आधार मानी प्रति तहगत उत्तीर्ण विद्यार्थी रू. ५०,०००।-का दरले रू. १,००,००,०००।- प्राप्त हुने अपेक्षा गरिएको छ । त्यसैगरी भौतिक पूर्वाधार निर्माण अन्तर्गत रु.२,५०,००,०००।- तथा इक्व्युपमेण्ट खरिद वापत रु.१२,५०,०००।- गरी रु.२,६२,५०,०००।- को नयाँ परियोजना प्राप्तहुने अनुमान गरिएको छ । यसरी नियमित अनुदान, QAA नविकरणमा स्नातक विद्यार्थी र नयाँ परियोजना वापतका शीर्षकबाट कुल आय रु. ३,८२,५०,०००।- प्राप्त हुने अनुमान गरिएको छ। यो रकम कुल आयको १९.३५ % रहेको छ। यस उप शीर्षक वापतको रकम तथा विवरण तालिका नं. ३ को क्रमसङ्ख्या १ मा उल्लेख गरिएको छ।

**(ख) अन्य क्षेत्रबाट प्राप्तहुने अनुमानित आय**

यस शीर्षकअन्तर्गत सुन्दरहरैंचा नगरपालिकाबाट प्राप्त हुने अपेक्षा गरिएको रू. ५०,००,०००/-, प्रदेश सरकार, प्रदेश नं. १ बाट भवन निर्माणका लागि प्राप्त हुने अपेक्षा गरिएको रू. १,००,००,०००/-का साथै जर्नल बिक्री, क्यान्टिन भाडा, बैङ्क ब्याज, चन्दा सहयोग लगायतबाट प्राप्तहुने अनुमानित रकम समावेश गरिएको छ। यसरी विश्वविद्यालय अनुदान आयोगबाहेक अन्य अनुदान तथा आय शीर्षकबाट यस

वर्ष रु. **२,४०,८४,०००/-** आम्दानी हुने अनुमान गरिएको छ । यो अनुमान कुल आम्दानीको **१४.०५%** हुनेछ । यस उप शीर्षक वापतको रकम तथा विवरण तालिका नं. ३ को क्रमसंङ्ख्या २ मा उल्लेख गरिएको छ ।

**(ग) अघिल्लो वर्षको जिम्मेवारी र पाउनु पर्ने**

यस उप शीर्षक अन्तर्गत गत आ. व. २०७७/०७८ को बैङ्क मौज्दात रु. **१,४६,१८,३४०/४१** र पेश्की जिम्मेवारी रकम रु. **२६,४७,०७१/-** प्राप्तहुने अनुमान गरिएको छ । उक्त रकम कुल अनुमानित आम्दानीको **१०.०७%** रहने छ । यस उप शीर्षक वापतको रकम तथा विवरण तालिका नं. ३ क्रमसंङ्ख्या ३ मा उल्लेख गरिएको छ ।

***तालिका ३ : आव २०७८/२०७९ को समष्टिगत अनुमानित अनुदान तथा अन्य आम्दानी***

***सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ***

**२०७८/२०७९ को समष्टिगत अन्य आम्दानी विवरण**

| क.सं. | विवरण | आ.व. २०७७२०७८ को अनुमानित | आ.व. २०७७२०७८ को वास्तविक | आ.व. २०७८।२०७९ को अनुमानित |
|---|---|---|---|---|
| १ | **वि. वि. अनुदान आयोग** | ८०००००० | १०७२७४६२.२ | ३,८२,५०,००० |
| | क. नियमित अनुदान | १७००००० | २०१६८५० | २०,००,००० |
| | ख. तालिम सेमिनार | ३००००० | – | – |
| | ग. स्रोत परिचालन अनुदान | – | २९८३९१२.१६ | २,६२,५०,००० |
| | घ. Graduate List र Tracer Report बाट, कार्य सम्पादन अनुदान | ६०००००० | ४४७६७०० | १,००,००,००० |
| | ङ.अनलाइन कक्षा कार्यक्रमबाट प्राप्त | – | १२५०००० | – |
| २ | **अन्य अनुदान तथा आय** | **१३०५००००** | **७६६०५४७.६७** | **२४०८४०००** |
| | सुन्दरहरैंचा नगरपालिकाबाट | ३४००००० | ३७५०००० | ५०००००० |
| | प्रदेश सरकारबाट | ३०००००० | – | १००००००० |
| | निर्वाचन क्षेत्र पूर्वाधार विकास कोष | ३५००००० | – | – |
| | अन्य अनुदान | – | १११३७५ | १५०००० |
| | छात्रवृत्तिका लागि दाताबाट | – | १४५००० | १५०००० |
| | दातृ निकाय बाट( बस खरिदका लागि) | – | – | ५०००००० |
| | अभ्यास शिक्षण पुस्तिका बिक्री आय | – | ३३६०० | ५०००० |
| | क्यान्टिन भाडा | ५०००० | ८६०० | ८४००० |
| | सामग्रि बिक्री आय | ० | – | – |
| | जर्नल बिक्री आय | १००००० | – | ५०००० |
| | बैङ्क व्याज आय(अक्षयकोष व्याज समेत) | ३०००००० | ३६११९७२.६७ | ३६००००० |
| | चन्दा सहयोग/ अनुदान | – | – | – |
| | अन्य आय (ल्यापटप) | – | – | – |

| ३ | **अघिल्लो वर्षको जिम्मेवारी सारेको** | **२५७५०४१७.९३** | **१७२६५४११.४१** | **१७२६५४११.४१** |
|---|---|---|---|---|
| | क. बैङ्क जिम्मेवारी | १४६९४७८०.९ | १४६१८३४०.४१ | १४६१८३४०.४१ |
| | ख. नगद | | ० | ० |
| | ग. सानो नगदी कोष | २५००० | ० | ० |
| | घ. पेस्की जिम्मेवारी | ४०३०६३७ | २६४७०७१ | २६४७०७१ |
| | ङ. पाउनुपर्ने विवि अनुदान आयोग | ७०००००० | ० | |
| | **कुल जम्मा** | **४६८००४१७.९३** | **३५६५३४२१.२४** | **५३३४९४११.४१** |

## ३. धरौटी आय

यस शीर्षक अन्तर्गत  विद्यार्थीहरूबाट क्याम्पसले धरौटीप्राप्त गर्ने शीर्षकहरू जस्तै : त्रि.वि./ एन. इ. बी. दर्ता तथा परीक्षा, प्रयोगशाला तथा पुस्तकालय धरौटी, त्रिवि सम्बन्धन, स्ववियु धरौटी र सेक्युरिटी डिपोजिट वापतको आम्दानी समावेश गरिएको छ । यस शीर्षक वापत प्राप्तहुने आम्दानी वास्तविक रुपमा क्याम्पसको आम्दानी नभए पनि क्याम्पसको माध्यमबाट सम्बन्धित क्षेत्रमा पुग्ने भएकाले मात्र यसलाई आम्दानीको शीर्षकमा राखिएको छ । यस शीर्षक अन्तर्गत यस वर्षरु. **९०,५८,०२०।-**रकम प्राप्त हुने अनुमान गरिएको छ जुन कुल आम्दनी रकमको **५.२८%** हुनेछ । यस शीर्षकको आम्दानी विवरण तालिका नं.४ मा प्रस्तुत गरिएको छ ।

***तालिका ४ : आ व २०७८/२०७९ को अनुमानित धरौटी आम्दानी***

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङ

आ.व. २०७८।२०७९ को धरौटी तथा दायित्व तर्फको आम्दानी

| **सि.नं.** | **बिवरण** | **आ.व. २०७७२०७८ को अनुमानित** | **आ.व. २०७७२०७८ को वास्तविक** | **आ.व. २०७८।२०७९ को अनुमानित** |
|---|---|---|---|---|
| १ | त्रि.वि./एन. इ. बी. दर्ता | ५६०५०० | ११०९५०० | ७९१८०० |
| २ | त्रि.वि./ एन. इ. बी. परीक्षा | ३३५८८५० | ४०१८४४० | ४४६९६२० |
| ३ | पुस्तकालय धरौटी | ९००००० | १४६४००० | १३५९५०० |
| ४ | प्रयोगशाला धरौटी | १६५००० | २१४००० | २२२००० |
| ५ | स्वतन्त्र विद्यार्थी युनियन | ३०१००० | २५०१०० | ३९५७०० |
| ६ | अन्य विद्यार्थी धरौटी | १३२०००० | १८५७३०० | १७६५४०० |
| ७ | त्रि.वि./एन.इ.बी.प्रयोगात्मक परीक्षा | ६०५७५ | ० | ५४००० |
| | **कुल जम्मा** | ६६६५९२५ | ८९१३३४० | ९०५८०२० |

## ख) खर्चको प्रस्तुतितथा खर्चको व्याख्या

### तालिका ५ :आ.व. २०७८।०७९ को अनुमानित समष्टिगत खर्च विवरण

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैँचा, मोरङ

**आ.व. ०७८।०७९ को अनुमानित समष्टिगत व्यय विवरण**

| सि.नं. | विवरण | आ.व. २०७७२०७८ को अनुमानित | आ.व. २०७७२०७८ को वास्तविक | आ.व. २०७८।२०७९ को अनुमानित | कैफियत |
|---|---|---|---|---|---|
| १ | पूँजीगत खर्च | २५५००००००.०० | ७१०७८८७.०० | ६,२०,५०,००० | ३१.३९% |
| २ | क्याम्पस कोष | ७६६००००.०० | १७३६९६९३.२४ | २,१२,००,००० | १०.७२% |
| ३ | सञ्चालन खर्च | ९६०७८९३४.९३ | ६७१९६६८१.०० | ९,९३,६२,०३८.४१ | ५०.२७% |
| ४ | धरौटी तथा दायित्व | १३७७६८५८.०० | १११७०९३०.०० | १,५०,५६,८७३ | ७.६२% |
| **जम्मा** | | **१४३०१५७९२.९३** | **१०२८४५१९१.२४** | **१९,७६,६८,९११.४१** | **१००%** |

माथि प्रस्तुत गरिको आम्दानीका शीर्षकहरूबाट प्राप्त हुने रकमलाई क्याम्पसको पुंजीगत विकास र विस्तार अन्तर्गत भवन निर्माण, यातायातका साधन खरिद, फर्निचर खरिद, निर्माण र व्यवस्थापन, पुस्तक, कार्यालय उपकरण, वैज्ञानिक तथा शैक्षिक उपकरणको व्यवस्था, पानी तथा विद्युत र पुस्तकालय स्तरिकरण, अन्य निर्माण, विविध सम्पत्ति खरिद तथा क्याम्पस कोष वृद्धिका लागि रकम विनियोजन गरिएको छ । त्यसैगरी क्याम्पसको सालबसाली हुने सञ्चालन खर्च अन्तर्गत प्राध्यापक तथा कर्मचारीको तलव भत्ता, कार्यालय सञ्चालन, आन्तरिक परीक्षा, वृत्ति विकास, क्याम्पस बसको सञ्चालन, रणनीतिक योजना तर्जुमा, सघन गुरु योजना (Comprehensive Master Plan) तयारी, तालिम, सेमिनार तथा गोष्ठी, क्षमता अभिवृद्धिका लागि अवलोकन भ्रमण, अनुसन्धान क्षमताको विकास, प्रकासन, विज्ञापन तथा प्रचारप्रसार र दैनिक साधारण खर्चका लागि रकम विनियोजन गरिएको छ । यसका अतिरिक्त विभिन्न कोष,धरौटी तथा दायित्वको खर्च समावेश गरिएको छ । यि सबै शीर्षकहरूका लागि जम्मा खर्च रु. **१९,७६,६८,९११/४१** रकम विनियोजन गरिएको छ ।

## १) पुँजीगत खर्च तथा कोष व्यवस्थापन

### (क) पुँजीगत खर्च

यस शीर्षक अन्तर्गत क्याम्पसको भौतिक विकास तथा विस्तार, कार्यालय उपकरण, फर्निचर, शैक्षिक उपकरण, पुस्तक खरिद तथा अन्य विविध सम्पत्तिमा गरिने खर्चका रकमहरू विनियोजन गरिएको छ ।पुँजीगत खर्च अन्तर्गतका उप शीर्षक र विनियोजित रकम तालिका नं. ६ को क्रमसङ्ख्या१मा प्रस्तुत गरिएको छ ।

## *तालिका ६ : आ व २०७७/२०७८ को अनुमानित पुँजी तथा कोष व्यवस्थापन*

सुकुना बहुमुखी क्याम्पस **सुन्दरहरैंचा, मोरङ**

आ.व. २०७७/०७८ पुँजीगत खर्च तथा कोषको विवरण

| क्र.सं. | बिवरण | आ.व. २०७७२०७८ को अनुमानित | आ.व. २०७७२०७८ को वास्तविक | आ.व. २०७८।२०७९ को अनुमानित |
|---|---|---|---|---|
| १ | **पूँजीगत खर्च** | **२५५०००००** | **७१०७८८७** | **६,२०,५०,०००** |
| | जग्गा खरिद/स्तरिकरण | ३००००० | ० | ० |
| | भवन निर्माण | १३९५०००० | ३२३५७५१ | ४,४०,००,००० |
| | छात्रावासको डि.पि.आर. तयारी | ० | ० | १००००० |
| | सवारी साधन | ३०००००० | १०००० | ५०००००० |
| | फर्निचर | ३६००००० | १८४७११७ | १०००००० |
| | कार्यालय उपकरण | ८५०००० | २८४८१६ | १०००००० |
| | पुस्तक | १०००००० | ६९११४४ | १०००००० |
| | पुस्तकालय स्तरीकरण | २००००० | ० | ५००००० |
| | Research Management Cell | ५००००० | ० | ५००००० |
| | वैज्ञानिक तथा शैक्षिक उपकरण | ५००००० | ४३२२२५ | ३७,५०,००० |
| | पानी तथा विद्युत सामग्रि | ५००००० | २२२१५७ | १०००००० |
| | अन्य निर्माण | ९००००० | २७९८१४ | ४०,००,००० |
| | विविध सम्पत्ति | २००००० | १०४८६३ | २००००० |
| २ | **क्याम्पस कोष** | **७६६००००** | **१७३६९६९३.२** | **२,१२,००,०००** |
| | छात्रवृत्ति कोष | २०००००० | १००००० | २०,००,००० |
| | सामान्य जगेडा कोष | | | २५,००,००० |
| | उपदान कोष | २८६०००० | | १,००,००,००० |
| | ह्रासकट्टी कोष | | | ० |
| | पूँजीगत सम्पत्ति कोष | २८००००० | १७२६९६९३.२४ | १९,००,००० |
| | धरौटी खाता | ० | | ५०,००,००० |
| | **तालिका ६, क्र.सं.१ र २ को कुल जम्मा** | **३३१६००००** | **२४४७७५८०.२** | **८,३२,५०,०००** |

**१.१) भवन निर्माण** ................................ **(जम्मा रु.४,४०,००,०००/-)**

यस शीर्षक अन्तर्गत विगत केही वर्षदेखि यस क्याम्पसमा विद्यार्थीहरूको भर्नादर बढेको र यस वर्ष देखि साविकमा भइरहेको शिक्षण भवनले मात्र विद्यार्थीको चापलाई धान्न सक्ने अवस्था नदेखिएकाले भवन निर्माणमा विश्वविद्यालय अनुदान आयोगबाट प्राप्तहुने अनुमान गरिएको रु.२,५०,००,०००।- र आन्तरिक

तथा अन्य स्रोत समेतबाट रु.७५,००,०००।- थप गरी नयाँ शिक्षण भवन निर्माणका लागि रु.३,२५,००,०००।- रकम विनियोजन गरिएको छ । प्रदेश सरकारबाट प्राप्तहुने अनुमान गरऐको रकम रु.१,००,००,०००।- बाट नयाँ निर्माण हुने भवनमा रङरोगन, विद्युत वेयरिङ, र स्व.वि.यु भवनको माथिल्लो तला थप गरिनेछ । क्याम्पसको आन्तरिक स्रोत समेत परिचालन गरी प्रशासनिक भवनको पहिलो तलामा विभागीय कार्यालयहरू, र सञ्चालक समितिको बैठक कक्ष निर्माणका लागि रु. **१५,००,०००।-** गरी यस शीर्षकमा **जम्मा रु.४,४०,००,०००।-** रकम विनियोजन गरिएको छ ।

**१.२) सवारी साधन** ................................... **(जम्मा रु.५०,००,०००/-)**

यस शीर्षक अन्तर्गत क्याम्पस विद्यार्थीहरूलाई यातायात सुविधा उपलब्ध गराउने उद्देश्यका लागि सुन्दरहरैंचा नगरपालिका मार्फत वा अन्य दातृ निकायमा प्रस्तावना पेशगरी प्राप्तहुने अनुदानबाट बस खरिद गर्न रु. ५०,००,०००/- रकम विनियोजन गरिएको छ ।

**१.३) फर्निचर** .........................................**(जम्मा रु.१५,००,०००/-)**

यस शीर्षकअन्तर्गत बी. बी. ए. कक्षा तथा अन्य कक्षाहरू, सेमिनार कक्ष, RMC कार्यकक्षमा फर्निचर व्यवस्थापन, कार्यालय तथा सञ्चालक समितिको बैठक कक्षमा फर्निचर व्यवस्थापन गर्नका लागि क्याम्पसको आफ्नो स्रोत र विश्वविद्यालय अनुदान आयोगको गुणस्तर प्रत्यायनकृत अनुदान रकमबाट खर्च गर्ने गरी रु. १५,००,०००/- रकम विनियोजन गरिएको छ ।

**१.४) कार्यालय उपकरण** ................................**(जम्मा रु.१०,००,०००/-)**

यस शीर्षकअन्तर्गत विश्वविद्यालय अनुदान आयोगको गुणस्तर प्रत्यायनकृत अनुदानबाट अनुसन्धान व्यवस्थापन एकाइ, विभाग तथा इ.एम.आइ.एस. र प्रशासन प्रमुखका लागि डेक्सटप कम्प्युटर र ल्यापटप खरिदका लागि रु. १०,००,०००।- रकम विनियोजन गरिएको छ ।

**१.५) पुस्तक** ...............................................**(जम्मा रु.१०,००,०००/-)**

यस शीर्षकअन्तर्गत पुस्तक तथा जर्नल खरिदका लागि विश्वविद्यालय अनुदान आयोगको नियमितअनुदान तर्फबाट रु. ५,००,०००/- र क्याम्पस स्रोतबाट रु. ५,००,०००/- गरी जम्मा रु. १०,००,०००/- रकम विनियोजन गरिएको छ ।

**१.६) वैज्ञानिक तथा शैक्षिक उपकरण** .....................**(जम्मा रु.३७,५०,०००/-)**

यस शीर्षकअन्तर्गत विश्वविद्यालय अनुदान आयोगको गुणस्तर प्रत्यायनकृत अनुदानबाट शिक्षण सिकाइ क्रियाकलापको स्तरिकरण र प्राध्यापकहरूको सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार गरी कार्यक्षमता अभिवृद्धि गर्न २० थान मल्टिमेडिया प्रोजेक्टर खरिद गर्ने कार्यका लागि रु. **१०,००,०००/-**र प्रयोगशालामा कम्प्युटर, RMC मा थप कम्प्युटर व्यवस्थापन र अन्य व्यवस्थापनका लागि विश्वविद्यालय अनुदान आयोगको नियमित अनुदानबाट र विश्वविद्यालय अनुदान आयोगमा प्रस्तावना पेस गरी प्राप्तहुने

अपेक्षा गरिएको रु.१२,५०,०००।- र क्याम्पस स्रोतबाट रू. **१५,००,०००/-** गरी जम्मा रू. **२७,५०,०००/- रकमको कम्प्युटर ल्याव व्यवस्थापन गर्न** रकम विनियोजन गरिएको छ । यसरी वैज्ञानिक तथा शैक्षिक उपकरण शीर्षकका लागि जम्मा रु.३७,५०,०००/-रकम विनियोजन गरिएको छ ।

**१.७) पानी तथा विद्युत व्यवस्था** .........................**(जम्मा रु.१०,००,०००/-)**

यस शीर्षक अन्तर्गत विश्वविद्यालय अनुदान आयोगको गुणस्तर प्रत्यायनकृत अनुदानबाट एक थान ट्रान्सफर्मर र प्यानलबोर्ड खरिद गरी जडान गर्नका लागि रु. १०,००,०००।- रकम लाग्ने अनुमान गरिएको छ ।

**१.८) अन्य निर्माण** ......................................**(जम्मा रु.४०,००,०००/-)**

यस शीर्षक अन्तर्गत क्याम्पसको दक्षिण पूर्व तर्फको भागमा रहेको बास्केटबलको कोर्टमा ढलानका लागि रु.३,००,०००।- खेलमैदानको क्रिकेट पिचको स्तरीकरणका लागि रु.१,००,०००।- बसको पार्किङ स्थलको माथि ट्रस निर्माणका लागि रु.५,००,०००।- प्रशासनिक भवनको अगाडि चौतारो तथा प्रतिक्षालय निर्माणका लागि रु.२,००,०००।- मोटरसाइकल स्टैण्डको दक्षिण तथा प्रशासनिक भवनको अगाडि पेवल विछ्याउने कार्यका लागि रु.६,००,०००।- प्रशासनिक भवनको अगाडी क्याम्पस प्रमुखको कार्यकक्ष देखि पुस्तकालयसम्मको Walking Path माथि ट्रस निर्माणका लागि रु.३,००,०००/-,अनुसन्धान व्यवस्थापन एकाइ स्तरोन्नति लागि रु. ५,००,०००/- र अन्य आइपर्ने अन्य निर्माण रु.१५,००,०००।- गरी यस शीर्षकमा **जम्मा रु.४०,००,०००।- र**कम विनियोजन गरिएको छ ।

**१.९) विविध सम्पत्ति निर्माण** .............................**(जम्मा रु.२,००,०००/-)**

यस शीर्षक अन्तर्गत क्याम्पसका छात्राहरूलाई सेनेटरी प्याड वितरणलाई सहज बनाउन Vending Machine खरिद गर्न रू. **१,००,०००/-** र अन्य वविध सम्पत्ति निर्माण/खरिदका लागि रु.**१,००,०००/-**गरी जम्मा रू. **२,००,०००/-** रकम विनियोजन गरिएको छ ।

यसरी पुँजीगत खर्चको लागि जम्मा रु. **६,२०,५०,०००।-** रकम विनियोजन गरिएको छ । उक्त रकम कुल बजेटको **३१.३९%** हुनेछ ।

**ख) क्याम्पसकोष**.......................................... **(जम्मा रु. २,१२,००,०००/-)**

यस शीर्षकको विवरण माथि तालिका ६ खण्ड (२) मा उल्लेख गरिएको छ जस अन्तर्गत सो तालिकामा उल्लेख गरिएका शीर्षकले तोकेका छात्रवृत्ति कोष, उपादान कोष र पुँजीगत सम्पत्ति कोष स्थापना गर्न रु.**२,१२,००,०००/-** रकम विनियोजन गरिएको छ । यो रकम वर्षान्तसम्ममा मुद्दति खाता खोली बैङ्कमा राखिने छ । यी विभिन्न कोषमा छुट्याइएको रकम कुल बजेटको **१०.७२%** प्रतिसत रहेको छ ।

### ग) धरौटी खर्च तथा भुक्तानी गर्नुपर्ने दायित्व

यस शीर्षकअन्तर्गत तल तालिका नं. ७ को क्र.सं. १ मा प्रस्तुत गरिएका धरौटी वापतका भुक्तानि गर्नुपर्ने रकम र सोहि तालिकाको क्र.सं. २ मा उल्लिखित भुक्तानि गर्नुपर्ने दायीत्व वापतका रकम विनियोजन गरिएकोछ। जसअनुसार तालिका ७ क्र.सं. १ अनुसार धरौटी वापतको भुक्तानी अन्तर्गत त्रि.वि., एन.इ.वि. दर्ता, परीक्षा, पुस्तकालय तथा प्रयोगशाला धरौटी, स्ववियु, त्रि.वि. सम्बन्धन र विद्यार्थी कल्याण र त्रिवि/राष्ट्रिय परीक्षा बोर्ड प्रयोगात्मक परीक्षा धरौटी सहितका रकम पर्दछन्। यस्तो धरौटी रकमको भुक्तानीका लागि जम्मा रु. **९०,५८,०२०/-** विनियोजन गरिएको छ। त्यस्तै तालिका ७ क्र.सं. २ अनुसार विभिन्न क्षेत्रका लागि भुक्तानी गनुपर्ने दायित्वका लागि रु. **५९,९८,८५३/-** रकम विनियोजन गरिएको छ। यसरी धरौटी तथा दायित्वका लागि जम्मा रु.**१,५०,५६,८७३/-** रकम खर्चहुने अनुमान गरिएको छ। यो रकम कुल बजेटको **७.६२%**रहेको छ।

*तालिका ७ : आ व २०७८/२०७९ को अनुमानित धरौटी खर्च तथा भुक्तानि दिनु पर्ने दायित्व*

**सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङ**

**आ.व. २०७८।०७९ को अनुमानित धरौटी तथा दायित्व तर्फको खर्च**

| क्र.सं. | बिवरण | आ.व. २०७७।२०७८ को अनुमानित | आ.व. २०७७।२०७८ को वास्तविक | आ.व. २०७८।२०७९ को अनुमानित |
|---|---|---|---|---|
| **१** | **धरौटी** | | | |
| | त्रि.वि./एन.इ. वि. दर्ता | ५६०५०० | २०३५०० | ७९१८०० |
| | त्रि.वि./ एन.इ. वि. परीक्षा | ३३५८८५० | ३६६४८९५ | ४४६९६२० |
| | पुस्तकालय धरौटी | ९००००० | ३२३४९० | १३५९५०० |
| | प्रयोगशाला धरौटी | १६५००० | ८१५०० | २२२००० |
| | स्वतन्त्र विद्यार्थी युनियन | ३०१००० | ६२१०० | ३९५७०० |
| | अन्य विद्यार्थी धरौटी सम्बन्धन | १३२०००० | ७९२६२५ | १७६५४०० |
| | त्रि.वि.प्रयोगात्मक परीक्षा | ६०५७५ | ० | ५४००० |
| | **क्र.सं. १ को जम्मा** | **६६६५९२५** | **५१२८११०** | **९०५८०२०** |
| **२** | **भुक्तानी गर्नुपर्ने** | | | |
| | दिनुपर्ने तलबभत्ता | २४२६१५२.०० | २३६०१८२.०० | २३६०१८२.०० |
| | ले.प.शुल्क | ५६५०० | ५६५०० | ५६५०० |
| | सेक्युरिटी डिपोजिट | ६६८५७९.०० | ३७२२०१.०० | २९६३७८.०० |
| | नागरिक लगानी कोष | | १०७००००.०० | १०७००००.०० |
| | आय तथा अन्य कर | ८०७०१४.०० | ८०७०१४.० | ८३८९३३.०० |
| | निर्माण/खरिद सम्बन्धी दायित्व | ६६९२८३.०० | ४०४३७.० | ४०३७४.०० |
| | प्राध्यापक कर्मचारी कल्याणकोष | १९७०१८४.०० | ६७०४०२.० | ६७०४०२.०० |
| | अभ्यास शिक्षण/परीक्षा धरौटी | १०४१६८.०० | २१२८५९.०० | २१२८५९.०० |

| | | | | |
|---|---|---|---|---|
| | बचत बुद्धिकोष र प्राध्यापक कोष | ४०९०५३.०० | ४५३२२५.० | ४५३२२५.०० |
| | **क्र.सं. २ को जम्मा** | **७११०९३३.००** | **६०४२८२०.००** | **५९९८८५३.००** |
| | **क्र.सं. १ र २ को कुल जम्मा** | **१३७७६८५८.००** | **१११७०९३०.००** | **१५०५६८७३.००** |

**ग) सञ्चालन खर्च**

यस शीर्षकअन्तर्गत मुख्यगरी शिक्षण तलब, प्रशासनिक तलब, कार्यालय सञ्चालन खर्च, छात्रवृत्ति तथा विद्यार्थी कल्याण खर्च, शैक्षिक सामग्री, अभ्यास शिक्षण, खेलकुद, अनुसन्धान, उत्सव समारोह, वृत्ति विकास, अवलोकन भ्रमण, तालिम गोष्ठी, प्रकाशन खर्च र उपादान खर्चहरू समावेश गरिएको छ । यस शीर्षकमा हुने खर्चलाई तालिका नं. ८ को क्रम सङ्ख्या १ देखि ४ सम्ममा प्रस्तुत गरिएको छ ।

***तालिका ८ : आ.व. २०७८।२०७९ को अनुमानित सञ्चालन खर्च***

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङ

| क्र.सं. | बिवरण | आ.व. २०७७।२०७८ को अनुमानित | आ.व. २०७७।२०७८ को वास्तविक | आ.व. २०७८।२०७९ को अनुमानित |
|---|---|---|---|---|
| १ | **तलव शिक्षण** | | | |
| | पूर्णकालीन, अंशकालीन, घर बिदा/ बिरामी बिदा र भत्ता प्रशासनिक | **५९९५३०३८** | **४७५६८७७७** | **५,६७,१३,२७२** |
| २ | **तलव प्रशासन** | | | |
| | पूर्णकालीन, सिफ्ट अन्तर, चालक, सहचालक, स्वास्थ्य कर्मचारी, स्वीपर/मेहतर, सुरक्षा गार्ड आदिको तलव, घरबिदा / बिरामी बिदा र भत्ता प्रशासनिक | **१०५०९९८९** | **९०२१७८३** | **१,४१,३४,०७६** |
| ३ | **कार्यालय सञ्चालन खर्च** | **६२२६५००** | **४००२८३०** | **९४,०२,०००** |
| | परीक्षा संचालन | १५००००० | १५४०६५८ | २२,००,००० |
| | Non credit course and Remedial Class | ५००००० | ० | ५,००,००० |
| | फूलबारी तथा सजावट | १००००० | ० | १,००,००० |
| | विद्युत तथा पानी | २५०००० | ९५६१० | २,००,००० |
| | संचार | ३५०००० | २७९९७३ | ५,००,००० |
| | मर्मत संभार | १३००००० | ६४९६९६ | २०,००,००० |
| | औषधि उपचार | २५००० | २१२०० | ५०,००० |
| | यातायात खर्च | ५००००० | ४१८१०० | १५,००,००० |
| | इन्धन | १००००० | १३३५० | ५,००,००० |
| | विज्ञापन तथा प्रचार/डकुमेन्ट्री | ३००००० | १७०९७१ | ३,००,००० |
| | बैङ्क चार्ज /व्याज भुक्तानी | १५०० | १३६५ | २,००० |
| | आर्थिक सहायता चन्दा/निर्माण सहयोग | १००००० | ६०००० | १,००,००० |

| | | | | |
|---|---|---|---|---|
| | बैठक खर्च | ३००००० | ९४९०० | ३,००,००० |
| | पोशाक खर्च | १२०००० | १२०००० | १५,०,००० |
| | सामाजिक सेवा कार्यक्रम | १००००० | ० | १,००,००० |
| | मसलन्द | ३५०००० | २३४५८० | ३,५०,००० |
| | पत्रपत्रिका | ३०००० | २९३२५ | ५०,००० |
| | भ्रमण खर्च | ३००००० | २७३१०२ | ५,००,००० |
| | थप शै.का. प्रस्तावना रणनीतिक योजना, गुरुयोजना निर्माण र SSR सम्बन्धी खर्च | २५००००० | | २५,००,००० |
| | उत्सव तथा समारोह/प्रदर्शनी/पूजा | ४००००० | ९९५५ | ३,५०,००० |
| | अतिथि सत्कार | १००००० | १४२००५ | ५,००,००० |
| | ओभरटाइम खर्च (कर्मचारी र शिक्षक) | १००००० | १०११५४ | १,५०,००० |
| | कार्यालय बिविध खर्च | २१९४०७.९३ | १२२०४० | २,१२,६९०.४१ |
| | छपाई | ३००००० | २४५४२ | ३,००,००० |
| | विद्यार्थी कल्याण खर्च | १५००००० | ७०१५२५ | १५,००,००० |
| | छात्रवृत्ति | १५००००० | ११८५००० | १५,००,००० |
| | शैक्षिक सामाग्री खर्च | ५००००० | २२५३४० | ५,००,००० |
| | अभ्यास शिक्षण | ३००००० | ३२८४१५ | ४,००,००० |
| | शोधकार्य | ४००००० | ४१२०००.०० | ४,५०,००० |
| | स्व वि यु निर्वाचन | ४००००० | ०.०० | ५,००,००० |
| | टाइवेल्ट तथा विद्यार्थी पोशाक/परिचयपत्र | २००००० | ९८३०४.०० | २,००,००० |
| | खेलकुद | ४००००० | १४४१५०.०० | ५,००,००० |
| | परिषद खर्च | ३००००० | १४७८९०.०० | ४,००,००० |
| | अवलोकन भ्रमण | ५००००० | ५५०००.०० | ८,००,००० |
| | वृत्ति विकास (एम फिल र पि एच डी ) | १५००००० | ४२४०००.०० | १५,००,००० |
| | लेखा परीक्षण(आन्तरिक) | १४०००० | ११३०००.०० | ५०,००० |
| | लेखा परीक्षण(प्राज्ञिक) | | | ५०,००० |
| | लेखा परीक्षण(बाह्य) मु.अ. कर समेत | | | ७०,००० |
| | पुरस्कार | १५०००० | २०००० | १,५०,००० |
| | उपदान खर्च | ३३००००० | १७५२१२४.०० | १९,५०,००० |
| | क) सूचना प्रणालीको व्यवस्थापन, अनुगमन, निरीक्षण तथा मूल्याङ्कन (EMIS) | ६०००० | ८५३५०.०० | ४,००,००० |
| | ख)सफ्टवेयर/E-Library सदस्यता नविकरण | २९०००० | | |

| | | | | |
|---|---|---|---|---|
| | मासिक शुल्क छुट (क्याम्पस प्रमुख) | १००००० | २३५४७५ | २,००,००० |
| | स्वयत्तताका लागि तयारी, Tracer Study | ६००००० | | ५,००,००० |
| | क्याम्पस नवीकरण शुल्क | १००००० | ६८०००.०० | १,००,००० |
| | क) अनुसन्धान खर्च | १०००००० | ४००००.०० | १०,००,००० |
| | ख) तालिम सेमिनार, गोष्ठी, अन्तर्क्रिया, अभिमुखीकरण तथा छलफल, रणनीतिक योजना तर्जुमा | १७००००० | ७१०४० | १५,००,००० |
| ४ | **प्रकाशन खर्च** | **८३००००** | **९६९८२** | **८,८०,०००** |
| | अभ्यास शिक्षण पुस्तिका, क्यालेण्डर, बुलेटिन, प्रोस्पेक्टस, परिषद् प्रतिवेदन,सुकुना सन्देश | ३००००० | ९६९८२.०० | ५,००,००० |
| | **जर्नल** | | | |
| | क) अनुसन्धान व्यवस्थापन एकाइ | ३००००० | | २,००,००० |
| | ख) नेपाली बिभाग/व्यवस्थापन | २००००० | | १५०००० |
| | अन्य (सुकुना सौरभ) | ३०००० | | ३०,००० |
| | **सि. नं. ३.२ र ४ को जम्मा** | **१९३८९४०७.९३** | **६६०३२९१.००** | **१,९१,१२,६९०.४१** |
| | **सि. नं.१, २, ३ र ४ को जम्मा** | **९,६०,७८,९३४.९३** | **६,७१,९६,६८१** | **९,९३,६२,०३८.४१** |

**१) शिक्षण तलब तथा तलब प्रशासन**

शिक्षण तलबअन्तर्गत क्याम्पसको शिक्षण कार्यमा संलग्न सबै सङ्काय तथा तहका सम्पूर्ण पूर्णकालीन शिक्षक, कोर्सकरारका शिक्षक, विहानी, दिवा र सन्ध्याकालीन सत्रका अंशकालीन शिक्षकको पारिश्रमिक/तलब/भत्ता, पूर्णकालीन शिक्षकहरूको बिरामी बिदा तथा क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखहरूको घरबिदा, प्रशासनिक भत्ता, महङ्गी भत्ता, सञ्चयकोष र ग्रेडखर्च आदिमा लाग्ने खर्च समावेश गरिएको छ। त्यसैगरी तलब प्रशासनअन्तर्गत सबै पूर्णकालीन कर्मचारीको तलब, भत्ता, ग्रेड, सामाजिक सुरक्षा कोष, घर विदा तथा बिरामी बिदा, मङ्गी भत्ता, पोसाक खर्च, सिफ्टअन्तर भई कार्य गर्ने कर्मचारीको पारिश्रमिक, सुरक्षा गार्डको तलब, स्विपर मेतहरको पारिश्रमिक र फूलबारी गोडमेल गर्ने कामदारहरूको पारिश्रमिक भुक्तानि गर्नका लागि लाग्ने खर्चरकम विनियोजन गरिएको छ। यस शीर्षकको रकम विनियोजन गर्दा निम्न नीतिहरू अवलम्बन गरिएको छ।

**(क) शिक्षण तलव**

१.१) शिक्षण तलबअन्तर्गत क्याम्पसको शिक्षण कार्यमा संलग्न सबै सङ्काय तथा तहका सम्पूर्ण पूर्णकालीन शिक्षकहरू, उपप्राध्यापक र सहप्राध्यापकहरूको त्रि.वि./नेपाल सरकारले तोकेको सम्बन्धित तहको न्यूनतम तलव मानका आधारमा हुन आउने तलव स्केल कायम गरिएको छ।

१.२ माध्यमिक तह कक्षा ११ र १२ विज्ञान समूहका करार, कोर्सकरार र अंशकालीन शिक्षकहरूको पारिश्रमिक साविककै कायम गरिएको छ ।

१.३. बि. एड. विज्ञान २ घण्टी करारसम्मका र बी.एस्सी. तर्फका करार, कोर्सकरार र अंशकालीन शिक्षकहरूको साविक पारिश्रमिकमा ४ (चार) प्रतिसतले वृद्धि गरी तलव रकम विनियोजन गरिएको छ ।

१.४ विहानी र दिवा सत्रका पूर्णकालीन र करार शिक्षकले सिफ्टअन्तर भई **अतिरिक्त कक्षा** लिनु परेमा त्यस्ता शिक्षकले साविकमा खाइपाइ आएको तलवमानमा दश प्रतिशतले थप गरिएको छ ।

१.५ सेमेस्टर कार्यक्रमअन्तर्गत एम.बि.एस र एम.एड. तर्फ प्रतिसेमेष्टर प्रति ३ क्रेडिटआवर विषयका लागि रु.६०,०००।- का दरले, बि.बि.ए. तर्फ प्रतिसेमेष्टर प्रति ३ क्रेडिटआवर विषयका लागि रु.७५,०००।-, बि.आई.सि.टी.ई. तर्फ ४८ शिक्षण घण्टाको विषयका लागि प्रति विषय रु.५२,०००।- र बि.आई.सि.टी.ई. तर्फ नै ८० शिक्षण घण्टाको विषयका लागि प्रति विषय रु. ६२,०००।- हुनेगरी तलवमान कायम गरी रकम विनियोजन गरिएको छ ।

१.६ गत वर्ष सामाजिक सुरक्षाकोषमा सूचिकृत भएका र यस वर्ष थप सूचिकृत हुने शिक्षक तथा कर्मचारीहरूको सामाजिक सुरक्षाकोषमा क्याम्पसले थप गर्ने रकम शिक्षक तथा कर्मचारीको आधारभूत तलव स्केलको सतप्रतिशत तलवमानबाट हुने गरी रकम विनियोजन गरिएको छ ।

१.७ विश्वविद्यालय अनुदान आयोग र त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरूले विभिन्न समयमा दिएको सुझाव, प्राज्ञिक उन्नयन, वृत्ति विकास, QAA प्राप्त क्याम्पसहरूले गरेको व्यवस्था समेतका आधारमा क्याम्पस विधान २०७७, शिक्षक सेवा आयोग विनियम २०७२, पूर्णकालीन करार शिक्षक नियुक्ति सम्बन्धी मापदण्ड २०७६, सहप्राध्यापकमा बढुवा तथा कर्मचरी छनोट सम्बन्धी कार्यविधि २०७७ समेतका आधारमा क्याम्पस सञ्चालक समिति र शिक्षक सेवा आयोगले नीति, मापदण्ड तयारगरी लागु गर्नेगरी देहायअनुसारको व्यवस्था गर्न लाग्ने रकम विनियोजन गरिएको छ ।

(i) वि.सं. २०७८ माघ महिना देखि लागुहुने गरी क्याम्पस सञ्चालक समितिले विषयगत दरबन्दी कायम गरी क्याम्पसमा कार्यरत रहेका उपप्राध्यापक मध्येबाट ७ जना सहप्राध्यापकमा बढुवा, कार्यरत पूर्णकालीन शिक्षण सहायकमध्येबाट १४ जना स्थायी र कार्यरत कोर्स करार वा अंशकालीन शिक्षण सहायक मध्येबाट १६ जना पूर्णकालीन नियुक्ति गर्दा लाग्ने रकम बजेटमा विनियोजन गरिएको छ ।

(ii) कम्तिमा एक शैक्षिक सत्र अंशकालीन रुपमा अध्यापन गरी अविछिन्न सेवारत अंशकालीन प्राध्यापकहरूलाई मासिक रुपमा १२ (बाह्र) महिनासम्मको तोकिएको पारिश्रमिक भुक्तानी गरिने छ ।

(iii) दुई घण्टीसम्म कोर्स करारमा कार्यरत प्राध्यापकहरूले अतिरिक्त कक्षा अध्यापन गर्नुपरेमा अतिरिक्त कक्षाका लागि १.७ (ii) अनुसारको पारिश्रमिक भुक्तानी गरिने छ ।

(iv) अंशकालीन पिरियड बेसिस प्राध्यापकहरूका हकमा प्रति १०० पूर्णाङ्क प्रतिघण्टीका लागि रु.३८०।- (तीन सय अस्सी मात्र) का दरले पारिश्रमिक रकम भुक्तानी गरिने छ ।

(v) पूर्णकालीन शिक्षकहरूले एउटै सिफ्टमा तोकिएको कार्यभारभन्दा बढि कक्षा अध्यापन गरेमा त्यस्ता शिक्षकले साविकमा खाइपाइ आएको रकममा दश प्रतिसतले थप गरी भुक्तानी दिइने छ ।

(vi) व्यवस्थापन सङ्काय तर्फ विहानी सत्रका पूर्णकालीन प्राध्यापकहरूको कार्यभार गणना गर्दा सोहीसत्रको एम.बि.एस. कक्षा अध्यापन गरेमा ३ क्रेडिट आवरका लागि दैनिक ०.७५ घण्टी (साप्ताहिक ४.५ घण्टी) मानिने छ र तोकिएको बाँकी कार्यभार अन्य कक्षाहरूबाट पूरा गरिनेछ । तर तोकिएको कार्यभार सोहिसत्रको अन्य कक्षाहरूबाट पूरा भई एम.बि.एस. कक्षाहरू अध्यापन गरेमा सेमेष्टर प्रणालीमा अध्यापनगर्ने अन्य शिक्षक सरहको पारिश्रमिक दिइनेछ ।

(vii) एउटै सत्रमा तोकीएको कार्यभार पूरा गरेका पूर्णकालीन शिक्षकहरूले वा बिहानी सत्रका कोर्स करारमा नियुक्त शिक्षकहरूले सिफ्टअन्तर हुनेगरी दिवासत्रको कक्षा ११ र १२ को प्रति ५ क्रेडिट भएका विषय शिक्षण गरेमा प्रति महिना रु.६,४००।-, प्रति ४ क्रेडिट भएका विषय शिक्षण गरेमा प्रति महिना रु.५,१२०।-, प्रति ३ क्रेडिट भएका विषय शिक्षण गरेमा प्रति महिना रु.३,८४०।- पारिश्रमिक भुक्तानी गरिनेछ ।

(viii) वार्षिक प्रणाली अन्तर्गत स्नातक तहमा एक वर्ष अध्यापन पूरा नगरेका शिक्षकहरूका लागि प्रति १०० पूर्णाङ्कको प्रति विषयका लागि प्रति घण्टी रु.३८०।- र सोहि तहको कक्षामा एक वर्षसम्म अविच्छिन्न सेवा अवधि पूरागरेका शिक्षकहरूका लागि प्रति १०० पूर्णाङ्क प्रति विषयका लागि मासिक रु. ७,०००।- का दरले अधिकतम बाह्र (१२) महिनाको पारिश्रमिक भुक्तानी दिइनेछ ।

(ix) कक्षा ११ र १२ (विज्ञान वाहेक) का हकमा एक वर्षसम्म अविच्छिन्न सेवा नगरेका शिक्षकहरूका लागि पिरियड बेसिसमा प्रति घण्टी रु. ३८०।- पारिश्रमिक भुक्तानी गरिनेछ । तर सोहि कक्षाहरूमा एक वर्षसम्म अविच्छिन्न अध्यापन गरिसकेका शिक्षकहरूका लागि माथिको १.७ (vii) अनुसारको पारिश्रमिक भुक्तानी गरिनेछ ।

(x) बेलुकी सत्रका सहायक क्याम्पस प्रमुखको सोही सत्रको वार्षिक कार्यभार ६ (छ) क्रेडिट आवर हुनेछ र निजले कक्षा ११ र १२ मा अध्यापन गरेमा १.७ (vii) अनुसार तथा विहानी सत्रको स्नातक तहमा अध्यापन गरेमा १.७ (viii) अनुसार पारिश्रमिक भुक्तानी गरिने छ ।

(xi) अध्यापन गर्दै जाँदा कुनै कक्षा वा विषयको सेक्सन विभाजन हुन गएमा वा शिक्षकले नयाँ कक्षा वा विषय अध्यापन गर्न शुरु गरेमा जुन महिना देखि सेक्सन विभाजन हुन्छ वा कक्षा शुरु हुन्छ सोहि महिना देखि मात्र कार्यभार गणना हुनेगरी कार्यभार तोकिने छ । यसो गर्दा सेक्सन विभाजन हुनुभन्दा अगाडि वा

कक्षा शुरु हुनुभन्दा अगाडिका महिनाको पारिश्रमिक भुक्तानी गरिने छैन र उक्त कक्षा वा विषयको कोर्स पूरा भएको महिनासम्मको मात्र पारिश्रमिक भुक्तानी गरिनेछ ।

(xii) शिक्षकको हाजिरी सिफारिस गर्ने अधिकारीले सेक्सन विभाजन भएको समय वा कक्षा थप भएको समय, कक्षाभार, शिक्षकको हाजिरी र कोर्स पूरा भएको समय सहित माथिको बुँदा नं. १.७ (xi) को आधार स्पस्ट खुल्ने गरी सिफारिस गर्नु पर्नेछ ।

(xiii) पूर्णकालीन वा अस्थायी/करार वा स्थायी शिक्षकले तोकिएको कार्यभार वा कक्षा वा विषय नलिएमा वा तोकिएको कक्षा वा विषय पूरागर्न असमर्थ भएमा वा मञ्जुर नगरेमा वा तयार नभएमा वा कार्यभार पुऱ्याउन नसकिएमा त्यस्ता शिक्षकहरूका लागि खाइपाई आएको मासिक तलवभत्तामानलाई तोकिएको पूर्णकक्षाभार सङ्ख्याले भागगर्दा प्राप्तहुने भागफल बराबर प्रतिघण्टीका दरले पारिश्रमिक भुक्तानी दिइने छ ।

(xiv) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक, कार्यक्रम निर्देशक, विभागिय प्रमुख/विषय शिक्षण समितिका प्रमुख र बी.आई.सि.टि.ई.फोकल पर्सन, प्रशासनिक प्रमुख र लेखापालको जिम्मेवारी तोकिएको कर्मचारीको भत्ता साविकअनुसार हुनेछ, ।

(xv) बी.एड. विज्ञान तर्फ विषयगत कोर्ष करार (घण्टी करार) का शिक्षकहरूका लागि साविककम खाइपाइ आएको रकममा दश प्रतिसतले वृद्धि गरी पारिश्रमिक भुक्तान गरिनेछ ।

(xvi) दुई घण्टीका लागि कोर्स करारमा नियुक्त भएका शिक्षकहरूलाई अतिरिक्त कक्षा दिँदा त्यस्ता शिक्षकको कार्यसम्पादन मूल्याङ्कन, क्याम्पसको आश्यकता तथा औचित्य, सम्बन्धित शिक्षकले क्याम्पसलाई उपलब्ध गराउने समय, विषयविज्ञता र शिक्षणको प्रभावकारिताका आधारमा थप कक्षाभार दिन सकिने छ ।

(xvii) विज्ञान तर्फका पूर्णकालीन शिक्षकको कार्यभार गणना गर्दा बी.एस्सी. वा बी.एड. विज्ञानका कक्षालाई मुख्य आधार मानिनेछ । विज्ञान विषयका शिक्षकले तोकिएको कार्यभार पूरा गरी माध्यमिक तह कक्षा ११ र १२ विज्ञान अध्यापन गरेमा त्यस्ता कक्षालाई अतिरिक्त मानी पारिश्रमिक भुक्तानी दिइनेछ ।

(xviii) माथिको बुँदा नं.(xvii) अनुसार हाजिरी प्रमाणित गर्ने अधिकारीले स्नातक तहका कक्षालाई पूर्णकालीन आधारमानी अतिरिक्त कक्षाको कार्यभार खुलाई भुक्तानीका लागि सिफारिस गर्नु पर्नेछ ।

(xix) माथि जुसुकै व्यवस्था गरिएको भएता पनि वा जुनसुकै कुरा लेखिएको भएता पनि सामान्यतया कुनै पनि शिक्षकलाई एउटै सिफ्टमा चार (४) घण्टीभन्दा बढी वा ४०० पूर्णाङ्कभन्दा बढी कार्यभार दिइने छैन । तर कारणवस तत्काल अर्को जनशक्तिको व्यवस्था गर्न नसकिएमा वा तत्काल अर्को थप जनशक्तिको अभाव भएमा वहालमा रहेका विषय मिल्ने जुनसुकैप्रकृतिका शिक्षकलाई अर्को व्यवस्था नहुन्जेलसम्मका लागि प्रति १०० पूर्णाङ्क प्रति पाँचौं विषयको लागि शिक्षण गरेको भएमा प्रति घण्टीअंशकालीन शिक्षकसरह पिरियड बेसिसमा पारिश्रमिक भुक्तान गरिने छ ।

(xx) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वा अन्य जुनसुकै प्रकृति वा तह वा सङ्काय वा कक्षाका शिक्षक भएता पनि सम्बन्धित तहका लागि तोकिएको आधारभूत पारिश्रमिकमा तोकिएको कार्यभार पूरा गर्दा (पूर्णकालीन शिक्षकको साप्ताहिक २१ घण्टीको न्युनतम पारिश्रमिक) पाउने पारिश्रमिक भन्दा बढी हुने गरी प्रति घण्टीले हिसाव गरी पारिश्रमिक भुक्तान गरिने छैन । पारिश्रमिक स्केल अनुसूचि १ मा व्यवस्था गरिए बमोजिम हुनेछ ।

**(ख) प्रशासनिक तलव**

१.१) प्रशासनिक तलबअन्तर्गत क्याम्पसमा कार्यरत पूर्णकालीन स्थायी, अस्थायी र अंशकालीन विभिन्न तह तथा सिफ्टका कर्मचारीहरू, चालक, सहचालक, सुरक्षा गार्ड, स्वीपर, मेतर र मालीको तलवभत्ताको रकम विनियोजन गरिएको छ ।

१.२ पूर्णकालीन कर्मचारीहरूको त्रि.वि./नेपाल सरकारले तोकाको सम्बन्धित तहको न्यूनतम तलव स्केललाई आधार मानि रकम विनियोजन गरिएको छ ।

१.३) क्याम्पस सञ्चालक समिति र कर्मचारी सेवा आयोगले आवश्यक नीति, मापदण्ड र कार्यविधि तयार गरी २०७८ फागुन देखि लागू हुने गरी देहाय-अनुसारको थप व्यवस्थाका लागि रकम विनियोजन गरिएको छ ।

(i) ल्याव असिष्टेन्ट एकजना, EMIS का लागि एकजना र प्रशासन शाखाका लागि एकजना सहायक चौथो तहका कर्मचारी तथा कार्यालय सहयोगी (Peon) दुईजना र स्वास्थ्य क्षेत्रको अनमि सरहको दरवन्दी थप गर्ने ।

(ii) क्याम्पसमा कार्यरत योग्यतम कर्मचारीहरू मध्येबाट तर्फ एक जना शाखा अधिकृत र दुईजना वरिष्ट सहायक (ना.सु.) को दरबन्दी थप गरी आन्तरिक खुला प्रतिस्पर्धाबाट बढुवा गर्ने र क्याम्पको विधानमा मुखिया पद खारेज गर्ने व्यवस्था भएकाले हाल मुखिया पदमा कार्यरत कर्मचारीहरूलाई खरिदार पदमा बढुवा गर्ने साथै हाल कार्यरत पूर्णकालीन अस्थायी कर्मचारीहरूलाई स्थायी गर्ने ।

(iii) एकजना बस चालकका लागि मासिक रु.२०,०००।- र एकजना सहचालकका लागि रु.१५,०००।- तलवमान कायम गरी भुक्तानी दिने ।

(iv) विद्यार्थीको शुल्कमा वार्षिक जनही रु.१००।- थप गर्ने र सोबाट प्राप्तहुने आम्दानीबाट दुईजना स्वास्थ्य कर्मचारी (CMA/ANM) को दरबन्दी थप गरी प्रति स्वास्थ्य कर्मचारीको मासिक रु.१५,०००।- पारिश्रमिक भुक्तानी गर्ने ।

(v) पूर्णकालीन कर्मचारीहरूलाई साविकमा दिइँदै आएको पोशाक खर्चलाई यस पटक क्याम्पसले खरिद गरी तयारी पोशाक दिन आवश्यक पर्ने रकम समावेश गरिएको छ ।

(vi) पूर्णकालीन कर्मचारीहरूको सामाजिक सुरक्षाकोषमा क्याम्पसले थप गर्ने रकम खाइपाइ आएको सतप्रतिशत तलवबाटै हुने व्यवस्था गरिएको छ ।

(vii) स्विपर, सफाइ कर्मचारी र मालीको साविकको तलवमानमा दश प्रतिशतले थप गरिएको छ ।

यसो गर्दा शिक्षण तथा प्रशासनिक तलवभत्ता तर्फ जम्मा रु.१,४१,३४,०७६।- रकम विनियोजन गरिएकोछ ।

**(ग) अन्य सञ्चालन खर्च**

अन्य सञ्चालन खर्च अन्तर्गत माथि तालिका नं. ८ मा उल्लेख गरिएको कार्यालय सञ्चालन खर्चमा समावेश गरिएका उप शीर्षकहरू पर्दछन् । यी उप शीर्षकहरू मध्ये स्पष्ट पार्नुपर्ने उप शीर्षकहरू यस प्रकार छन् ।

१.१) परीक्षा सञ्चालन अन्तर्गत क्याम्पसको वार्षिक कार्यपात्रोमा उल्लेख गरिएका समयमा, अध्ययनरत विद्यार्थीहरूको आन्तरिक तथा प्रयोगात्मक परीक्षाको व्यवस्थापन, सञ्चालन, नतिजा प्रकाशन र पृष्ठपोषणका लागि लाग्ने खर्च र एम.एड. तथा बी.आई.सी.टी.इं.को अन्तिम परीक्षामा लाग्ने रकम समावेश गरिएको छ ।

२.२) क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको प्राज्ञिक ज्ञानका अतिरिक्त व्यवहारिक ज्ञान तथा सीप विकासका लागि Non-credit Course को तर्जुमा गरी विद्यार्थीहरूको समेत लागत सहभागितामा कार्यक्रम सञ्चालन, कार्यान्वयन र सोको प्रमाणिकरण गर्न लाग्ने खर्च समावेश गरिएकोछ । यसकासाथै सिकाइमा कमजोर विद्यार्थीहरूका लागि खास-खास विषयमा उपचारात्मक कक्षा (Remedial Clases) सञ्चालन गर्दा लाग्ने खर्च समावेश गरिएको छ ।

२.३) मर्मत संभार अन्तर्गत डेक्सबेञ्च, झ्यालढोका, इलेक्ट्रोनिक मेडिया, भवन तथा कार्यालयमा हुने टुटफुट खर्च, विश्वविद्यालय अनुदान आयोगको कार्यसम्पादन अनुदानबाट प्रशासनिक भवनको पश्चिमतर्फको सरसफाई गर्न लाग्ने खर्च रकम साथै सुन्दरहरैंचा नगरपालिकाबाट अनुदान प्राप्त गरी क्याम्पसको उत्तर र पूर्वतफको बाढीले क्षति पुऱ्याएको पर्खाल निर्माण गर्न लाग्ने रकम समेत समावेश गरिएको छ ।

२.४) यातायात खर्च अन्तर्गत विहानी सत्रका विद्यार्थीहरूका लागि पूर्वमा कानेपोखरी चोक, रमाइलो, डाँगिहाट,लक्ष्मीमार्ग, बेलबारी र पश्चिममा इटहरी, बलिया, बाँसबारी, दुलारी, गछिया, गोठगाउँ र सलकपुर चोकबाट विद्यार्थीहरूलाई यातायात सुविधा पुऱ्याउने कार्यका लागि दोहोरो बसभाडा वापत लाग्नसक्ने खर्च विनियोजन गरिएको छ ।

२.५) विज्ञापन खर्च अन्तर्गत क्याम्पसमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमहरूको प्रचार-प्रसार, डकुमेन्ट्रि तथा विज्ञापनमा लाग्ने खर्च समावेश गरिएको छ ।

२.६) टाइ, बेल्ट तथा विद्यार्थी पोशाक खर्च अन्तर्गत टाइ, बेल्ट तथा विद्यार्थी परिचयपत्रको खर्च रकम समावेश गरिएको छ ।

२.७) सामाजिक सेवा अन्तर्गत क्याम्पसले सामाजिक सेवामा समेत योगदान पुऱ्याउने कार्यका लागि क्याम्पसले त्यस्तो सामाजिक कार्य पहिचान गरी सहयोग पुऱ्याउन रकम विनियोजन गरिएकोछ ।

२.८) थप शैक्षिक कार्यक्रमको तयारी (जस्तैः बि.सि.ए., बि.एस.डब्लु) लगायतका विभिन्न कार्यक्रमका लागि प्रस्तावना लेखन तथा कार्यक्रमको तयारी, विश्वविद्यालय अनुदान आयोगमा पेश गरिने कागजात तथा प्रतिवेदनको तयारी तथा QAA नविकरणका लागि अन्तिम तयारी, रणनीतिक योजना तर्जुमा, Master Plan को तयारी आदिका लागि लाग्ने खर्च समावेश गरिएको छ ।

२.९) विद्यार्थी कल्याण कार्यक्रम अन्तर्गत क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको लागि विगतमा निर्धारण गरिएको कोटा, मूल्याङ्कन प्रक्रिया र मापदण्डका आधारमा शुल्क सहुलियतका लागि अनुमानित रकम विनियोजन गरिएको छ ।

२.१०) छात्रवृत्ति शीर्षक अन्तर्गत दाताहरूले प्रदान गर्नुभएको अक्षय कोषको व्याज, दाताहरूबाट प्रदान गरिने अनुदान, विभिन्न सङ्घ/संस्थाहरू, विश्वविद्यालय अनुदान आयोगको अनुदानबाट प्राप्तहुने छात्रवृत्ति कोष र क्याम्पस कोषबाट समेत सदाका वर्षझैँ शैक्षिक उपलब्धिमा उत्कृष्टता हासिल गर्ने विद्यार्थीहरूलाई प्रदान गर्ने छात्रवृत्ति रकम समावेश गरिएको छ ।

२.११) अभ्यास शिक्षण अन्तर्गत शिक्षाशास्त्र सङ्कायका विद्यार्थीहरूले गर्ने अभ्यास शिक्षण कार्यक्रमको खर्च समावेश गरिएको छ ।

२.१२) शेधकार्य अन्तर्गत स्नातक तथा स्नातकोत्तरतहका विद्यार्थीहरूले गर्ने शोधपत्र तथा प्रोजेक्टवर्क वापतको खर्च समावेश गरिएको छ ।

१.१३) अवलोकन भ्रमण अन्तर्गत क्याम्पस सञ्चालक समिति, लेखा समिति, पुनरावेदन समिति तथा क्याम्पस प्रशासनबाट प्रतिनिधिमूलक ढङ्गले विभिन्न उत्कृष्ट क्याम्पसहरूको अवलोकन तथा अनुभव आदानप्रदान कार्यक्रम गर्दा लाग्ने खर्च, बिद्यार्थीहरूको शैक्षिक अवलोकन भ्रमणका लागि आवश्यक खर्च रकम विनयोजन गरिएको छ ।

१.१४) वृत्ति विकास उप शीर्षकअन्तर्गत यस क्याम्पसबाट सङ्कायगत रुपमा एम.फिल., पिएच. डि.गर्न जाने, प्राज्ञिक तथा प्राविधिक सभा सम्मेलन, तालिम, सेमिनार, प्रबोधिकरण, नवप्रवर्तन, विषेशज्ञता प्राप्तिका लागि प्रोत्साहन गर्न लाग्ने अनुमानित रकम विनियोजन गरिएको छ ।

२.१५) अनुसन्धान खर्चअन्तर्गत अनुसन्धान व्यवस्थापन एकाईले क्याम्पसका शिक्षक तथा कर्मचारीहरू मध्येबाट अनुसन्धान प्रस्तावनाको उत्कृष्टताको आधारमा प्रति लघुअनुसन्धान रु.४०,०००।- का दरले बढीमा ५ वटा सम्म लघु अनुसन्धान गराउने र वृहत (Rigorus) अनुसन्धानका लागि कम्तिमा एक (१)

वटा अनुसन्धानका कार्य गर्न गराउनका लागि रु.१,५०,०००।- रकम विनियोजन गरिएको छ । यसका साथै स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरू मध्ये विगत वर्ष सञ्चालक समितिले गरेको निर्णयअनुसार शोधपत्र तयार गर्ने विद्यार्थीहरू मध्ये उत्कृष्टताका आधारमा ५ जना छात्रा र ५ जना छात्रलाई प्रति शोधपत्र रु. १०,०००।- का दरले "शोधपत्र प्रोत्साहन" रकम विनियोजन गरिएको छ ।

२.१६) अनुसन्धान खर्च अन्तर्गत "लघु अनुसन्धान र वृहत अनुसन्धानका" लागि विशेषज्ञ सेवा र अनुसन्धान सहजिकरणका लागि लाग्ने रकम समावेश गरिएको छ ।

२.१७) क्याम्पसमा प्राध्यापन गर्ने शिक्षकहरूलाई अनुसन्धानमुलक लेखका लागि प्रोत्साहन गर्न रकम विनियोजन गरिएको छ । यसबाट अन्तर्राष्ट्रिय स्तरको अनुसन्धानमुलक जर्नलमा लेख प्रकाशन गर्ने पाँच (५) जना शिक्षकलाई प्रति लेख २५,०००।- र राष्ट्रिय स्तरको जर्नलमा लेख प्रकाशन गर्ने पाँच (५) जना प्राध्यापकलाई प्रति लेख रु.१०,०००।-का दरले "अनुसन्धानमुलक लेख प्रोत्साहन" रकम, क्याम्पसले प्रकाशन गर्ने जर्नलमा Research Article प्रकाशन गर्ने बढीमा २५ जनालाई प्रति लेख रु. ३,०००।- का दरले प्रदान गर्ने रकम विनियोजन गरिएको छ ।

२.१८) तालिम/सेमिनार खर्च अन्तर्गत यस वर्ष हुने पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम, शोधपत्र अभिमुखीकरण कार्यक्रम, आईसीटी तालिम, स्नातक तहकालागि विषयगत अभिमुखीकरण, पुस्तकालय तथा सफ्टवेयर तालिम, बैङ्किङ तथा उद्यमशिलता तालिम,अनुसन्धान गोष्टि, पुनर्ताजगी तालिम र अन्य किसिमका तालिम सञ्चालन गर्न आवश्यक पर्ने रकम विनियोजन गरिएको छ ।

२.१९) जर्नल प्रकाशन शीर्षकअन्तर्गत क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइले प्रकाशन गर्ने Peer Reviewed जर्नल, व्यवस्थापन सङ्काय तथा नेपाली शिक्षण विभागबाट प्रकासन हुने जर्नलका लागि रकम विनियोजन गरिएको छ ।

२.२०) प्रकासन खर्च अन्तर्गत क्याम्पसले प्रकासन गर्ने अभ्यास शिक्षण पुस्तिका, शैक्षिक पात्रो (Academic Calender), सुकुना सन्देश नामको बुलेटिन, प्रोस्पेक्टस र वार्षिक प्रतिवेदन (Annual Progress Report) प्रकासन गर्दा लाग्ने अनुमानित रकम विनियोजन गरिएको छ ।

**सुझावहरू :**

क्याम्पसको वर्तमान संरचना, आर्थिक अवस्था र बढ्दो शैक्षिक कार्यक्रमका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

१. क्याम्पसमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरूलाई नेपाल सरकार तथा त्रिविका वर्तमान ऐन, नियम र निर्देशिकाअनुसार सामाजिक सुरक्षा योजनामा सहभागिता गराउनु पर्ने ।

२. क्याम्पसमा कार्यरत एउटै तहमा शिक्षकको तलव मानमा भएको असमानता न्यूनिकरण गर्न आवश्यक नीति बनाई कार्यान्वयन गर्नुपर्ने ।

३. क्याम्पसको दिगो विकासका लागि आम्दानीका वैकल्पिक स्रोतहरूको खोजीगरी त्यसको सुनिश्चिता कायम गर्नुपर्ने ।

४. वित्तिय अनुसासन, पारदर्शिताका र जवाफदेहिता कायम गर्न आर्थिक निर्देशिका तथा खर्च कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।

५. क्याम्पसको ख्याति, प्रभाव र आर्थिक अभिवृद्धिका लागि प्राविधिक, व्यवसायिक र सीपमूलक जनशक्तिको उत्पादन गर्न प्राविधिक प्रकृतिका नयाँ विषयहरूको सम्वन्धन लिई सञ्चालन गर्नुपर्ने ।

६. यस क्याम्पसको पूर्व विद्यार्थी सङ्गठनलाई प्रभावकारी बनाई क्याम्पसको विकासमा उनीहरूलाई सहभागी गराउनु पर्ने ।

७. यस क्याम्पसलाई नेपालका कुनै विश्वविद्यालयको आङ्गिक क्याम्पस बनाउन आवश्यक भूमिका निर्वाह गर्नुपर्ने ।

अन्त्यमा प्रस्तुत बजेट तयार गर्न सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दे आगामी दिनमा पनि अझै सिर्जनात्मक सहयोगको अपेक्षा गर्दछु । प्रस्तुत बजेटलाई गहन छलफल र विश्लेषण गर्दै पारित गरिदिनु हुन सञ्चालक समितिका सम्पूर्ण पदाधिकारी एवम् सदस्यहरूलाई हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

प्रस्तोता
चन्द्रमणि राई
संयोजक/क्याम्पस प्रमुख
बजेट मस्यौदा समिति २०७८
सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा, मोरङ ।

बजेटका आवश्यक थप विवरणहरूअनुसूची १ देखि ६ सम्ममा समावेश गरिएका छन् ।